# अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०४।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुनसरी, साविक सिंगिया गा.वि.स. वडा नं. ३ हाल रामधुनी नगरपालिका वडा नं. ३ घर भएका जिल्ला सुनसरी, धरान उपमहानगरपालिका वडा नं. १४ दुईधारे स्थित श्री नरसिंह भगवान मन्दिरका पुजारीसमेतले उक्त मन्दिरको नाममा कायम रहेको जिल्ला सुनसरी, साविक भादगाउँ सिनवारी गा.वि.स. वडा नं. ४क, कित्ता नं. १, जग्गा विवरण ०-५-७ र कित्ता नं.४, जग्गा विवरण ०-४-१८ को जग्गालाई गलत प्रतिवेदन दिई व्यक्तिको नाममा नामसारी दर्ता गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सुनसरी, हाल रामधुनी नगरपालिका वडा नं. २ भई साविक भादगाउँ सिनवारी गा.वि.स. वडा नं. ४क, कि.नं. १, ज.बि. ०-५-७ (पाँच कठ्ठा सात धुर) र कि.नं. ४, ज.बि. ०-४-१८ (चार कठ्ठा अठार धुर) को जग्गाहरू प्रतिवादीहरुको आपसी मिलेमतो र योजनामा साविक सिंगिया गा.वि.स.बाट मिति २०६४/०२/०८ गते र साविक धरान नगरपालिका १४ नं. वडा कार्यालयबाट मिति २०६४/१०/०९ गते झुट्टा बेहोरा भएको सर्जमिन मुचुल्का बनाई/बनाउन लगाई सिंगिया गा.वि.स.ले उक्त बेहोरासँग मिल्ने गरी नाता प्रमाणित प्रमाण-पत्रसमेत बनाई दिई धरान नगरपालिकाले मालपोत कार्यालय, सुनसरीलाई उक्त जग्गाहरू नरसिंह भगवानको मन्दिरमा पुजारी रहेका टिर्रु चौधरीको नाममा नामसारी गरिदिन सिफारिससमेत गरेको र मालपोत कार्यालय, सुनसरीले मिति २०६५/०२/२१ गते नामसारी गर्ने निर्णय गरी धरान उपमहानगरपालिका वडा नं. १४ स्थित नरसिंह भगवानको मन्दिरको नाममा रहेको जग्गा जम्मा ज.बि. ०-१०-५ (दश कठ्ठा पाँच धुर) आ.व. २०८२/८३ को न्यूनतम मूल्याङ्कन अनुसार रू.३६,१०,०००।-(छत्तीस लाख दश हजार रूपैयाँ) पर्ने सार्वजनिक जग्गा गैरकानुनी रूपमा नक्कली जग्गा धनी खडा गरी गराई नक्कली जग्गा धनी टिर्रु चौधरीको नाममा दर्ता कायम गरी उक्त जग्गासमेत बिक्री गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको देखिँदा प्रतिवादीहरूले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), दफा १९ को उपदफा (२) समेतको भ्रष्टाचारजन्य कसुर भएकोले उल्लिखित भ्रष्टाचारजन्य कसुरमा संलग्न देहायका प्रतिवादीहरूउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | धरान नगरपालिकाका तत्कालीन प्रशासकीय अधिकृत **गणेश प्रसाद खतिवडा** | रू.३६,१०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो छत्तीस लाख दश हजार रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | तत्कालीन सिंगिया गा.वि.स.का तत्कालीन | रू.३६,१०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो छत्तीस लाख दश हजार रूपैयाँ कायम |

| | | | |
|---|---|---|---|
| | अध्यक्ष/सचिव **कपिलमणि दाहाल** | | गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन र नामसारी गर्ने कार्यमा कागजपत्र मिलाई सहयोग गरे गराए बापत प्रतिवादी टिर्रु चौधरीबाट रू.५,०००।—(पाँच हजार) घुस/रिसवत लिएको देखिँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएकोले निजलाई सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिमको कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम रिसवत रकम जफत हुन थप मागदाबी लिइएको छ। |
| ३. | मालपोत कार्यालय, सुनसरीका तत्कालीन मालपोत अधिकृत (हाल अवकाशप्राप्त) **सुशिल बैध**, तत्कालीन शाखा अधिकृत (हाल अवकाशप्राप्त) **तुङ्ग नाथ भण्डारी** र तत्कालीन नायब सुब्बा (हाल अवकाशप्राप्त) **केदार बहादुर कार्की** | **रू.३६,१०,०००/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो छत्तीस लाख दश हजार रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर हुन मागदाबी लिइएको छ। |
| ४. | तत्कालीन धरान नगरपालिका वडा नं. १४ का तत्कालीन वडा सचिव **उत्तम आले** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | नरसिंह भगवानको मन्दिरमा पुजारी रहेका **टिर्रु चौधरी** | **रू.३६,१०,०००/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो छत्तीस लाख दश हजार रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन तथा मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार |

| | | | |
|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै, निजले कागजपत्र बनाई दिए बापत तत्कालीन सिंगिया गा.वि.स.का अध्यक्ष/सचिव कपिलमणि दाहाललाई नगद रू.५,०००।—(पाँच हजार) दिएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको सोही दफाले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिमको कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम रिसवत रकम जफत हुन थप मागदाबी लिइएको छ। |
| ६. | स्थानीय जग्गा कारोबार गर्ने व्यक्ति **पंकज घिमिरे** | **रू.३६,१०,०००/-** | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो छत्तीस लाख दश हजार रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन तथा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | **भागमैन थरूनी**को हकमा | - | निजको नाममा दर्ता कायम गरी हाल भोगचलन गर्दै आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सार्वजनिक सम्पत्ति (जग्गा) निजबाट जफत गरी पुनः मन्दिरको नाममा ल्याउन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने